# मलेसियामा काम गर्ने श्रमिकहरूको लागि सामाजिक सुरक्षा प्रणाली सोक्सो (SOCSO) सम्बन्धी महत्वपूर्ण जानकारीहरू



## सोक्सो भनेको के हो?

सोक्सो (SOCSO), जसलाई मलेसियन भाषामा पर्केसो (PERKESO)पनि भनिन्छ (Pertubuhan Keselamatan Sosial),मलेसियाको सरकारी निकाय हो, जसले मलेसियामा कार्यरत कर्मचारी तथा आप्रवासी श्रमिकहरूलाई सामाजिक सुरक्षा प्रदान गर्दछ ।

## आप्रवासी श्रमिकहरूका लागि किन महत्वपूर्ण छ सोक्सो ?

- बिरामी परेमा औषधी उपचारको सुविधा उपलब्ध हुन्छ,
- दुर्घटना परेमा अस्थायी अपाङ्गता लाभ, स्थायी अपाङ्गता लाभ, निरन्तर हेरचाह भत्ता, पुनःस्थापना सुविधा, आश्रितका लागि आर्थिक लाभ
- श्रमिकको मृत्यु भएमा निजको विधुवा वा विधुरले श्रमिकले पाउँदै आएको दैनिक तलबको ६० प्रतिशत रकम आजीवन प्राप्त गर्दछन् । काजकिरिया वापत लाग्ने खर्च रकम पनि उपलब्ध गराउँदछ,
- मृत्यु भएका श्रमिकका सन्तानले २१ वर्षको उमेरसम्म आमा वा बाबु जीवित रहेको भएमा श्रमिकले पाउँदै आएको दैनिक तलबको ४० प्रतिशत र आमाबाबुको मृत्यु भएको खण्डमा दैनिक तलबको ६० प्रतिशत रकम प्राप्त गर्दछन् ।

## सोक्सोमा आप्रवासी श्रमिकहरूको योगदानको प्रक्रिया कसरी हुन्छ?

वैध भिसा वा अनुमति पत्र भएका आप्रवासी श्रमिकहरू सोक्सोमा योगदान गर्न योग्य हुन्छन्। मासिक तलबको १.७५% रोजगारदाताले योगदान गर्छन् र श्रमिकले ०.५% योगदान गर्छन् । योगदान नगरेमा रोजगारदातालाई जरिवाना वा जेल सजाय हुन सक्ने कानुनी व्यवस्था रहेको छ ।

## सोक्सोमा कसरी दर्ता हुने ?

श्रमिकहरूले आफ्ना रोजगारदातालाई पर्केसोमा दर्ता गरिदिनको लागि अनुरोध गर्नुपर्दछ । दर्ता प्रक्रियाको लागि मुख्य दुईवटा दर्ता विधिहरू छन् जसमा :

- रोजगारदाताले मलेसियाका ५४ वटा पर्केसो कार्यालयमध्ये कुनै पनि कार्यालयमा दर्ता फारम बुझाउने,
- रोजगारदाताले पर्केसो ASSIST पोर्टलमार्फत अनलाइन दर्ता गर्ने ।

## सोक्सो योजनामा आबद्ध भएको वा नभएको श्रमिकले कसरी थाहा पाउने ?

हरेक दर्ता गरिएका विदेशी श्रमिकलाई १२-अङ्कको FWSS नम्बर दिइन्छ: उदाहरण: २०१९XXXXXXXX. अर्को तरिका, श्रमिकको तलब पर्ची हेर्दा सोस्कोको कट्टी देखिन्छ। यदि कम्पनीले दर्ता गरेको छ भने तलबबाट ०.५% कटाइन्छ ।

**सोक्सो सम्बन्धी थप जानकारीको लागि**

SOCSO -PERKESO)
+६०३ ८०९१ ५२१६
मलेसियामा रहेको नेपाली राजदूतावास
हटलाइन नम्बर : +६०१६२४७२७७७
सूचना अधिकारी: ०१०८८३३४५४

प्रवासी नेपाली समन्य समिति :
चन्द्रागिरि नगरपालिका-१४,
नैकाप, काठमाडौं, नेपाल
Hotline no. ९८५११७४९९९
Email : info@pncc.org.np
website: pncc.org.np

मलेसियामा रहेको नेपाली राजदूतावास
हटलाइन नम्बर : +६०१६२४७२७७७
सूचना अधिकारी: ०१०८८३३४५४

सूचनाको स्रोत: www.hairi.harun@perkeso.gov.my

International Labour Organization

Pravasi Nepali PNCC

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी